नेपाल सरकार
शिक्षा तथा खेलकूद मन्त्रालय
शिक्षा विभाग

# शिक्षा विकास तथा समन्वय एकाइ

कास्की

२०७५

पत्रसंख्या: २०८३।०८४
च.नं. ५२५

मिति:२०८३।०६।०८
ने स ११४६

विषय: आवश्यक कारवाही सम्बन्धमा ।

श्री पोखरा महानगरपालिका, शिक्षा महाशाखा, श्री अन्नपूर्ण गाउँपालिका,श्री माछापुच्छ्रे गाउँपालिका, श्री मादी गाउँपालिका,श्री रुपा गाउँपालिका,गाँउ कार्यपालिकाको कार्यालय,शिक्षा युवा तथा खेलकूद शाखा, कास्की

प्रस्तुत विषयमा शिक्षा तथा खेलकूद मन्त्रालय विद्यालय शिक्षा शाखाको च न १५४ मिति २०८३।०६।०६ को प्राप्त पत्रानुसार सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु राजनैतिक दलको कार्यक्रममा सहभागी भइरहेको भन्ने विभिन्न सामाजिक सञ्जाल एवम् संचार माध्यमहरुबाट समाचार प्रकाशित भईरहेको सन्दर्भमा शिक्षकका उक्त गतिविधिहरु शिक्षा नियमावली २०५९( संशोधन सहित) को नियम १३३ को उपनियम १ को खण्ड "ग" को कानुनी प्रावधान विपरित हुन जाने सन्दर्भमा शिक्षकहरुका त्यस्ता कार्यप्रति थप खोजबिन गर्ने, निगरानी गर्ने र स्थानीय तहहरुसँगको समन्वयमा त्यस्ता आचारसंहिता उल्लंघन गर्ने शिक्षकहरुलाई सोही नियमावलीको नियम १३७ को खण्ड "ग" तथा नियम १४३ बमोजिम आवश्यक कारबाहीको व्यवस्था गर्नुहुन भनी निर्देशन भएकाले तहाँ पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु राजनैतिक दलका कार्यक्रमहरुमा सहभागी भए नभएको खोजबिन तथा निगरानी गरी आचारसंहिता उल्लंघन गरेको पाइएमा त्यस्ता शिक्षकहरुलाई नियमानुसार आवश्यक कानुनी कारवाही गरी जानकारी दिनु हुन अनुरोध छ ।

लोकनाथ आचार्य
एकाइ प्रमुख ( उपसचिव)

बोधार्थ
श्री शिक्षा तथा खेलकूद मन्त्रालय विद्यालय शिक्षा शाखा
सिंहदरबार , काठमाडौं ।